# अभिनवको तेईसौं वार्षिकोत्सव, कवि गोष्ठी र सम्मान अर्पण



**पुरुषोत्तम घिमिरे/हिटा**

काठमाडौं, २७ फागुन

अभिनव साहित्य समाजले २६५औं मासिक शृंखलाअन्तर्गत तेईसौं वार्षिकोत्सव कवि गोष्ठीले वेदमणि अभिनव गजल पुरस्कार तथा सम्मान अर्पण गरेको छ । शनिबार जोरपाटीस्थित भैरव गुठीमा एक विशेष कार्यबीच उक्त कार्य सम्पन्न भएको हो ।

प्राज्ञ दिनेशराज पन्तको प्रमुख आतिथ्य र विमल अर्यालको सभापतित्वमा भएको कार्यक्रममा मेनका आचार्यले स्वागत मन्तव्य राख्नु भएको थियो । समाजका अध्यक्ष गोविन्द घिमिरे वेदमणिले धन्यवाद ज्ञापन र सम्मानित तथा पुरस्कृत व्यक्तिव र कृति बारे प्रकाश पार्नु भएको थियो ।

समारोहमा गजलमा विद्यावारिधि गर्नुभएका डा.घनश्याम परिश्रमीलाई नगद, दोसल्लासहित सम्मान अर्पण गरिएको थियो । त्यसैगरी बागमती प्रदेशका सांसद विमल ठकुरी, गोकर्णेश्वर नगरपालिकका-६ का वडा अध्यक्ष नवराज लामालाई दोसल्लासहित सम्मान गरिएको थियो ।

प्रमुख अतिथिले सम्मानित व्यक्तिव र वाचित रचनाहरूको विषयमा संक्षिप्त टिप्पणी गर्नुभएको थियो । कार्यक्रममा सहभागीमध्येका उत्कृष्ट रचनालाई पुरस्कार प्रदान गरिएको थियो

# 'मिस वर्ल्ड २०२४' को उपाधि चेक रिपब्लिककी क्रिस्टिनालाई

## नेपालकी प्रियंकालाई ब्युटी विद अ पर्पसको उपाधि

**हिमालय टाइम्स**

काठमाडौं, २७ फागुन



७१औं संस्करणको 'मिस वर्ल्ड-२०२४'को उपाधि चेक रिपब्लिककी क्रिस्टिना पिजकोवाले चुम्नुभएको छ । शनिबार साँझ भारतको मुम्बईस्थित जियो वर्ल्ड कन्वेन्सन सेन्टरमा सम्पन्न प्रतियोगितामा पिजकोवाले उपाधि चिुम्नुभएको हो । क्रिस्टिनालाई 'मिस वर्ल्ड-२०२३' पोल्याण्डकी करोलिना विलावस्काले ताज पहिराइदिनुभयो । प्रतियोगितामा लेबनानकी यास्मिना फष्ट रनअप हुनुभयो । प्रतियोगिताको उत्कृष्ट चारमा मिस त्रिनिदाद एण्ड टोबैगो, मिस बोत्सवाना, मिस चेक रिपब्लिक र मिस लेबनान पुगेका थिए ।

सन् २०२३ को मिस वर्ल्डको उपाधि जितेपछि पाइस्कोभाले मुम्बईमा मिडियासँग भन्नुभयो, 'म धेरै उत्साहित छु । मिस वर्ल्ड एउटा यस्तो चिज हो, जसका लागि मैले धेरै मिहिनेत गरिरहेकी थिएँ । मलाई थाहा छ- मिस वर्ल्ड प्लेटफर्मले हामीलाई महत्त्वपूर्ण ठानेका मुद्दाहरूका लागि बोल्ने क्षमता दिन्छ । जहाँसम्म मेरो कुरा छ, म सकेसम्म धेरै बच्चाहरूलाई मद्दत गर्नेछु ।'

यसपटकको प्रतियोगितामा १२ निर्णायक थिए । भारतमा २८ वर्षपछि यो प्रतियोगिता भएको हो । प्रतियोगिताको होष्ट करण जोहर र फिलिपिन्सकी मिस वर्ल्ड २०१३ मेगन यङ रहनुभएको थियो । भारतकी सिनी शेट्टी यस प्रतियोगितामा सातौं स्थानमा रहनुभयो ।

यसअघि सन् २०२३ को नोभेम्बरमा एल साल्भाडोरमा आयोजित मिस युनिभर्स-२०२३ प्रतियोगिताको विजेता निकारागुआकी शेनिस पलासियोस हुनुभएको थियो ।

यो प्रतियोगिता यसअघि सन् २०२३ को मेमा संयुक्त अरब इमिरेट्समा आयोजना हुने भनिएको थियो । तर, त्यसबेला स्थगन भएपछि यो प्रतियोगिता भारतमा सेप्टेम्बरमै गर्ने घोषणा भएको थियो । तर, केही कारण डिसेम्बर र त्यसपछि मार्चमा आयोजना गर्ने निर्णय भयो । अब ७२औं मिस वर्ल्ड प्रतियोगिता २०२५ मा आयोजना हुनेछ ।

नेपालले ७१औं मिस वर्ल्डमा उत्कृष्ट ४० सम्मको यात्रा तय गर्न सफल भएको छ । मिस नेपाल वल्ड २०२२ प्रियंकारानी जोशी क्वार्टरफाइनलबाट बाहिरिनुभएको थियो । प्रतिस्पर्धामा नेपाल 'ब्युटी विथ अ पर्पस' विधामा एसिया महादेशबाट विजेता बन्यो । यो विधामा जितसँगै प्रियंकाले उत्कृष्ट ४० अर्थात् क्वार्टरफाइनलसम्मको यात्रा तय गर्नुभएको थियो । 'ब्युटी विथ अ पर्पस विधा'मा भने ब्राजिल समूह विजेता बन्यो । यद्यपि, प्रियंका उत्कृष्ट ४० बाट उत्कृष्ट १२ मा भने अटाउन सक्नुभएन ।

मिस वर्ल्डको उत्कृष्ट ४० मा नेपालसहित बोत्सवाना, नाइजेरिया, जिम्बाब्वे, इंग्ल्याण्ड, लेबनान, क्राएशिया, मार्टिनिक, ट्युनिसिया, युक्रेन, युगाण्डा, ब्राजिल, भियतनाम, बेलिज, क्यानडा, डोमिनिकन रिपब्लिक, पेरू, पुर्टो रिको, त्रिनिडाड एण्ड टोबागो, क्यामरुन, मदागास्कर, मरिसस, केन्या, सोमालिया, दक्षिण अफ्रिका, दक्षिण सुडान, तान्जानिया, अष्ट्रेलिया, भारत, इण्डोनेसिया, मलेसिया, न्युजिल्याण्ड, टर्की, बेल्जियम, चेक रिपब्लिक, फान्स, जिब्राल्टर, इटाली, स्पेन तथा वेल्यका सुन्दरीहरू पुग्न सफल भएका थिए । त्यसैगरी, उत्कृष्ट १२ मा भने ब्राजिल, डोनिमिक रिपब्लिक, त्रिनिडाड एण्डा टाबागो, बोत्सवाना, मरिसस, युगाण्डा, चेक रिपब्लिक, इंग्ल्याण्ड, स्पेन, अष्ट्रेलिया, भारत तथा लेबनानका सुन्दरीहरू पुग्न सफल भएका थिए ।

यसपटक प्रत्येक महादेशबाट विजेता चयन गरिएको थियो । यो संस्करणको मिस वर्ल्डबाट महादेशीय विजेता चुन्ने नयाँ अभ्यास सुरु भएको हो ।

# 'यो मन त मेरो नेपाली हो' को दोस्रो चरणको छायांकन प्रारम्भ

**हिमालय टाइम्स**

काठमाडौं, २७ फागुन

चलचित्र 'यो मन त मेरो नेपाली हो'को दोस्रो चरणको छायांकन सुरु भएको छ । आठ देशका कलाकारहरूलाई लिएर चलचित्रको दोस्रो चरणको छायांकन सुरु गरिएको निर्माण युनिटले जनाएको छ ।

चलचित्रको दोस्रो चरणको छायांकनमा भारत, मलेसिया, पोल्याण्ड, अष्ट्रिया, बेल्जियम, ट्युनिसिया, जर्मनी, साउथ अफ्रिकालगायत देशका कलाकारहरूको अभिनय रहने निर्माणपक्षले जनाएको छ । चलचित्रको तेस्रो चरणको छायांकन भने क्यानडामा हुनेछ ।

अमेरिकामा रहनुभएकाका साहित्यकार मित्र प्रधान (नर)को निर्देशन रहेको चलचित्रको निर्मातामा ज्ञानबहादुर प्रधान (रोशन) रहनुभएको छ । चलचित्रको पहिलो चरणको छायांकन झापा, इलामसाथै भारतको सिक्किम, दार्जिलिङ, जयगाउँ पश्चिम बंगाललगायतमा गरिएको थियो ।

चलचित्रमा रोशन श्रेष्ठ, विल्सनविक्रम राई, बुद्धि तामाङ 'हैट', विजय बराल, आयुषा समाल, नारायण खाती, सुवास भण्डारी, विजय सुब्बा, बिजिता बर्देवा, देवराज राजवंशीलगायतको अभिनय छ । पद्मा ईश्वर ईन्टरटेन्मेन्ट प्रा.लिको प्रस्तुतिमा मित्र प्रधान (नर)को प्रस्तुति रहेको चलचित्रले विदेशमा रहेका नेपालीको मद्दालाई उठान गर्दैछ । चलचित्रमार्फत नेपाली भाषा, साहित्य, कला, यसको इतिहास देखाउन खोजिएको निर्देशक प्रधानले बताउनुभयो । शिवम् अधिकारीको लेखन रहेको चलचित्रमा दीपक शर्माको संगीत, सौरभ लामाको छायांकन, देव महर्जनको द्वन्द्व, समिर मियाको भिएफएक्स, कविराज गहतराजको कोरियोग्राफी रहनेछ ।


नेपाल सरकार

**उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय**

**जलस्रोत तथा सिंचाइ विभाग**

**भेरी कोरिडोर सिंचाइ तथा नदी व्यवस्थापन आयोजना**

**गुर्भाकोट, सुर्खेत**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशन मितिः २०८०/११/२८)**

यस कार्यालयको मिति २०८०/०९/१७ गतेको मध्यान्न राष्ट्रिय दैनिकमा प्रकाशित सूचना (Bid Notice No. 02/BCIRMP/NCB/RTW/2080/81) अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका र मिति २०८०/११/१४ गतेको प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित प्राविधिक मुल्याङ्कनको सूचनामा सारभूतरुपमा प्रभावग्राही बोलपत्रहरुमध्ये न्यूनत्तम मूल्यांकित तपशिल बमोजिमको बोलपत्र स्वीकृतको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | 02/BCIRMP/NCB/RTW/2080/81 | Construction of River Training work at Gurvakot Na Pa, Panchapuri Na.Pa, Barahatal Ga.Pa and Chaukune Ga.pa, Surkhet | M/S S.B.-Bishal- Kakre J.V., Birendranagar-6, Surkhet | 3,80,29,070.91 |

**आयोजना प्रमुख**



**Narpa Bhumi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chyankhu,Manang**
**Gandaki Province,Nepal**

**Invitation for Electronic Bids**

**(First date of Publication: 11 March 2024(2080/11/28)**

1. Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang invites the electronic bids only under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.

| S.N. | Contract ID | Name of Project | Quantity | Estimated Amounts with VAT & PS (NRs.) | Bid Security Amount(NRs.) | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | NBRM/WORKS/NCB-03/2080/081 | Meta Dekhi Dharmashala Samma Paryatakiya padhmarga Nirman Ward No. 2 | 1 Unit | 7862135.07 | 2,30,000.00 | 3000.00 |
| 2 | NBRM/WORKS/NCB-04/2080/081 | Narpa Bhumi Gaunpalika kendra Samma Pugne Sadak | 1 Unit | 2456987.91 | 73,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang. Tel: 066-440253, Email: info@narpabhumimun.gov.np or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Interested bidders shall register in e-GP system and deposit NRs. 3,000.00, the cost of bidding document (non-refundable fee), in the following bank account as specified below:
   Name of the Bank: Nepal Bank Ltd., Narphu Branch, Manang, Nepal
   Name of Office: Narpa Bhumi Rural Municipality, Chyankhu, Manang, Nepal
   GA 1.1-NARPABHUMI AANTARIK RAJASWA Account no.: 26503000001001000001 (Cost of Bid Document)
   GA 3-NARPABHUMI STHANIYA TAHA DHARA Retention (Dharauti) Account no.: 26503000003000000001 (For bid security)
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 10 April, 2024(2080/12/28). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hours on 10 April, 2024 (2080/12/28) at the Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang, Gandaki Province, Nepal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security, amounting to a minimum mention above, which shall be valid for 30 days beyond the validity period of the bid. Bidders shall deposit the bid security at the above bank mentioned or as bank guarantee in standard format as specified in bidding document from "A" class commercial bank specifying the contract.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**


# उतारियो 'काँडेतार'




**हिमालय टाइम्स**

काठमाडौं, २७ फागुन

चलचित्र 'काँडेतार'लाई शनिबारदेखि प्रदर्शन नगर्ने निर्णय निर्माण कम्पनी सामना फिल्मस् प्रा.लि.ले गरेको छ । हलवालाहरूले चलचित्रलाई पर्याप्त शो नदिएको भन्दै प्रदर्शन नगर्ने निर्णय गरिएको निर्माता तथा निर्देशक नवल खड्काले जानकारी दिनुभयो ।

हिन्दी चलचित्रलाई करिब ११५ वटा शो उपलब्ध गराइएपनि काँडेतारलाई मुस्किलले करिब २३ वटा शो दिइएको उहाँको भनाइ थियो । अंग्रेजी चलचित्रलाई पनि करिब ७० वटा शो हल उपलब्ध गराइएको उहाँले बताउनुभयो । 'चलचित्र शोमा प्राइम टाइम अति महत्त्वपूर्ण मानिन्छ । यही समयमा दर्शक चलचित्र हेर्न निस्कन्छन् । तर, चलचित्र काँडेतारलाई यस्तो प्राइम टाइम उपलब्ध गराइएन । दुई अन्य चलचित्र प्रत्येकलाई करिब ८०/९० वटा शोहरू प्राइम टाइममा दिइएको छ । हाम्रो चलचित्र काँडेतारलाई मुस्किलले करिब २३ वटा शो दिइएको थियो । ती पनि बिहान ८,९ र १० बजेका अधिकांश शोहरू छन् । जुन समय दर्शकहरू दैनिक चर्याका कारण घरबाट निस्केर चलचित्र हेर्ने गर्दैनन्,' नवलले भन्नुभयो ।

### प्रदर्शक र निर्माता संघमा उजुरी

निर्देशक तथा निर्माता नवल खड्काले आफ्नो चलचित्र 'काँडेतार'को प्रदर्शन रोकिएको सम्बन्धमा आइतबार चलचित्र संघ र चलचित्र निर्माता संघमा उजुरी दिनुभएको छ । दुवै संस्थाको वार्ता कार्यदललाई सम्बोधन गर्दै बुझाइएको पत्रमा दुई संस्थाबीच प्रदर्शन र निर्माणलाई लिएर विगतमा भएका सहमतिबारे प्रश्न उठाइएको छ । आफ्नो चलचित्रलाई प्राइम टाइममा शो नदिएर हेपाहा प्रवृत्ति देखाइएको भन्दै खड्काले उजुरीमा के- कति कारणले चलचित्रलाई पाखा लगाइयो भनेर प्रश्न गर्नुभएको छ ।

राम्रो अकुपेन्सी हुँदाहुँदै चलचित्रलाई किनारा लगाउने रणनीति प्रदर्शकले लिएको भन्दै उहाँले निर्माताले भोगेका समस्याको संस्थागतरूपमा समाधान गर्नुपर्ने माग राख्नुभएको छ । उहाँले काठमाडौं उपत्यकाका प्रदर्शकले अमर्यादित ढंगले अव्यावसायिकता प्रदर्शन गरेको आरोप पनि लगाउनुभएको छ ।

# शाहीको चलचित्रमा अभिनेता खड्का

**हिमालय टाइम्स**

काठमाडौं, २७ फागुन



लामो समयदेखि बेलायत बस्दै आउनुभएका निर्देशक प्रदीप शाहीको निर्देशनमा बन्ने नयाँ चलचित्रमा अभिनेता प्रदीप खड्का फाइनल हुनुभएको छ । गतवर्ष प्रदर्शनमा आएको चलचित्र 'अन्तिम संस्कार'बाट तारिफ बटुल्न सफल निर्देशक शाहीको चलचित्रको टाइटल भने सार्वजनिक गरिएको छैन ।

शाइ प्रोडक्सन नेपालको ब्यानरमा निर्माण हुने चलचित्रमा ह्याम्साएर एकाउन्टेनको सहकार्य रहनेछ । पछिल्लो समयका व्यस्त र लोकप्रिय अभिनेता प्रदीप खड्काको जन्मदिनको अवसर पारेर शनिबार निर्माण टिम र खड्काबीच सम्झौता भएको हो ।

चलचित्रको कथा निर्देशक शाहीले नै लेख्नुभएको हो । चलचित्रका अन्य कलाकार तथा प्राविधिक फाइनल हुन बाँकिरहेको कार्यकारी निर्माता विनोद सुवेदी खत्री 'क्षितिज'ले जानकारी गराउनुभयो ।

# भारतको शीर्ष निर्वाचन अधिकारीद्वारा राजीनामा

**एजेन्सी**

नयाँदिल्ली, २७ फागुन



आमनिर्वाचनको अपेक्षित घोषणा हुनुभन्दा केही दिनअघि भारतको निर्वाचन आयोगका दोस्रो उच्च श्रेणीका अधिकारीले राजीनामा दिएको न्याय मन्त्रालयले जनाएको छ । निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकालको खोजी गर्नुहुनेछ । मानव इतिहासमा लोकतान्त्रिक मताधिकारको सबैभन्दा ठूलो अभ्यास गर्नका लागि भारतको निर्वाचन आयोगलाई आफ्ना तीन शीर्ष अधिकारीमध्ये एकजनालाई मात्र छाडेर अरुण गोयलले शनिबार राजीनामा दिनुभएको छ । अप्रिल-मेमा हुने निर्वाचनमा करिब एक अर्ब मानिस मतदान गर्न योग्य छन् ।

भारतीय राष्ट्रपति द्रौपदी मुर्मूले गोयलको राजीनामा स्वीकृत गर्नुभएको कानुन तथा न्याय मन्त्रालयले जनाएको छ । यद्यपि मन्त्रालयले उहाँले राजीनामा गरेको कारण भने बताएको छैन । एनडिटिभी समाचार नेटवर्कले स्रोतलाई उद्धृत गर्दै गोयलले 'व्यक्तिगत कारण' देखाई राजीनामा दिनुभएको उल्लेख गरेको छ ।

निर्वाचन आयोगमा अर्का अधिकारी गतवर्ष सेवानिवृत्त भए पनि उक्त पदमा हालसम्म कसैलाई नियुक्त गरिएको छैन । स्थानीय सञ्चारमाध्यमले धेरै चरणमा हुने निर्वाचनको मितिको घोषणा आगामी साता गरिने सम्भावना रहेको बताएका छन् ।

प्रमुख विपक्षी दल कांग्रेसका महासचिव केसी वेणुगोपालले गोयलको राजीनामा चिन्ताको विषय भएको बताउनुभयो । 'निर्वाचन आयुक्त श्री अरुण गोयलले लोकसभा (संसदीय) निर्वाचनको ठीकअघि राजीनामा दिनु विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको स्वास्थ्यका लागि अत्यन्त चिन्ताजनक हो', उहाँले भन्नुभयो, 'निर्वाचन आयोगजस्तो संवैधानिक संस्थाले कसरी काम गरिरहेको छ र सरकारले कसरी उक्त संस्थामाथि दबाब दिएको छ भन्नेबारेमा कुनै पनि पारदर्शिता छैन ।'

धेरै जनमत सर्वेक्षणले आमनिर्वाचनमा मोदी र उहाँको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) ले सजिलै जित हासिल गर्ने संकेत गरेका छन् । गतवर्ष एक प्यु सर्वेक्षणमा करिब ८० प्रतिशत भारतीयले मोदीलाई सकारात्मक रूपमा हेरेको पाइएको थियो ।

युगभले फेब्रुवरीमा शहरी मतदाताहरूमा गरेको सर्वेक्षणमा भाजपाले हरेक उमेर र लिंग जनसांख्यिकीमा धेरै विपक्षी पार्टीमाथि सजिलै अगाडि बढिरहेको देखाएको थियो । रासस/एएफपी ।